नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभग

म.नि.- ५५२७८८५
उ.म.नि.- ५५५१८०२
कन्ट्रोल रुम- ५०१००८५
एक्सचेन्ज- ५०१०१०६
५५४२०२३
टोल फ्रि - १६६०-०१-५५०००

हरिहरभवन, पुल्चोक, ललितपुर

प.सं.: ०८१/८२
च.नं.

# प्रेस विज्ञप्ति

राजस्व अनुसन्धान विभागले राजस्व अनुसन्धान कार्यालय, बुटवलमार्फत राजस्व चुहावट सम्वन्धी कसूरमा अनुसन्धान तथा तहकिकात सम्पन्न गरी शुभलक्ष्मी अटो लिंक प्रा. लि. (स्था.ले.नं. ३०४८९८८१३) का प्रोप्राइटर जगन्नाथ खनाल र दधिराम खरेल विरुद्ध श्री उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २०(६) बमोजिम मिति २०८२।०२।०१ गते मुद्दा दायर गरेको छ।

शुभलक्ष्मी अटो लिंक प्रा. लि. (स्था.ले.नं. ३०५६६७५७७) का प्रोप्राइटर जिल्ला रुपन्देही, तिलोत्तमा नगरपालिका, वडा नं.-४, शुभलक्ष्मी पथमा बस्ने वर्ष ४८ का जगन्नाथ खनाल र जिल्ला रुपन्देही, तिलोत्तमा नगरपालिका, वडा नं.-४, नयाँमिलमा बस्ने वर्ष ५४ का दधिराम खरेलले सञ्चालन गरेको वर्कशप र गोदामको खानतलासी तथा मालवस्तुको भौतिक निरीक्षण गर्दा प्रतिवादीहरुले राजस्व चुहावट गर्ने उद्देश्यले प्रस्तुत फर्मका नाममा मालवस्तु खरिद गरी मौज्दात किताबमा प्रविष्टि नगरेको, बीजक जारी नगरी मालवस्तु विक्री गरेको, मौज्दात विवरणभन्दा अधिक मालवस्तु फेला परेकोले उक्त कार्यबाट राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ४(छ) र (झ) बमोजिमको कसूर पुष्टि भएकोले निज प्रतिवादीहरुलाई ऐ. ऐनको दफा २(छ१) बमोजिम चुहावट भएको भन्सार महशुल, मू.अ.कर र आयकरसहितको बिगो रु. ७२,११,३००।- (अक्षरेपी बहत्तर लाख एघार हजार तीन सय रुपैयाँ मात्र) कायम गरी ऐ. ऐनको दफा २३(१) बमोजिम बिगो असुल उपर गरी बिगोको शतप्रतिशत रु. ७२,११,३००।- (अक्षरेपी बहत्तर लाख एघार हजार तीन सय रुपैयाँ मात्र) समेत जरिवाना गरी कुल जम्मा रु. १,४४,२२,६००।- (अक्षरेपी एक करोड चौवालीस लाख बाईस हजार छ सय मात्र) असुल उपर गर्न तथा ऐ. ऐनको दफा २३ को उपदफा (१)(ख) बमोजिम सजायको मागदावी लिई ऐ. ऐनको दफा २०(६) बमोजिम सम्मानित उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा मुद्दा दायर गरिएको छ।

मितिः २०८२ साल जेठ ०१ गते बिहीबार।

२०८२/०२/०१
(कृष्ण कुमारी श्रेष्ठ)
प्रवक्ता/उपमहानिर्देशक

Scanned with CamScanner